**कोहलपुर नगरपालिका नगर कार्यपालिकाको चालू आ.व. २०७६/०७७ का लागि आर्थिक विकास तर्फ वार्षिक स्वीकृत साना किसान उद्यमी सुदृढिकरण कार्यक्रम कार्यान्वयन गर्न सेवा प्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)**

**१. कार्यक्रमको पृष्ठभूमी :** यस कोहलपुर नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैर सरकारी तथा निजी क्षेत्रहरुवाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपशिल बमोजिमका कागजातहरु सहित प्रस्तावना पेश गर्न यो सूचना प्रकाशन गरिएकोछ ।

**१.प्रस्तावना पेश गर्नका लागि तपशिलमा उल्लेखित क्षेत्रहरुमा कार्य अनुभवभएको हुनु पर्नेछ :**

१. संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव हुनु पर्ने छ ।
२. स्वावलम्वन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको हुनु पर्नेछ ।
३. सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमाकाम गरेको हुनुपर्नेछ ।
४. कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुल्य श्रृङ्खलाको क्षेत्रमा काम गरेको हुनुपर्नेछ ।
५. समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रबर्द्धनमा काम गरेको हुनुपर्नेछ ।
६. कृषि र पशु विकासका लागि आवश्यक दक्ष जन शक्ति भएको हुनुपर्नेछ ।
७. कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि काम गरेको हुनुपर्नेछ ।
८. कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको हुनुपर्नेछ ।
९. कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको ।
१०. नेपाल सरकारको विभिन्न निकायसँग साझेदारी गरी काम गरेका अनुभव हुनु पर्नेछ । लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजनासँग सम्बन्धित सञ्चालन खर्च जस्तै: कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदी आफैले व्यवस्थापन गनुपर्नेछ । संयुक्त उपक्रममा(Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालनई प्राथमिकता दिइने छ । संस्थाले यो परियोजनाको लागि स्थानीयतहको केन्द्रमा कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**२. कार्यक्षेत्र :** कोहलपुर नगरपालिका वडा नं. ०१,०२,०३, ०७,०८,१०,१२,१३ र १४ सम्म ।

## ३.प्रस्तावको ढाँचा :

## भाग १: प्राविधिक प्रस्तावना

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. आशातीत उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)=

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाको कृयाकलापहरु

८. परियोजना व्यवस्थापन

- परियोजनाको व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य(अनुसूचीमा संस्थागत विवरण, कानूनी दस्तावेजहरु)

    प्रमुख निवेदक र सहायक निवेदक )नाम (र जिम्मेवारी बाँडफाँड (अख्तियारी, दुवै पक्षको हस्ताक्षर सहितअनुसूचीमा राख्ने)

  - परियोजनाको व्यवस्थापन संरचनाको चित्र
- मानवीय संसाधन परिचालन
- परियोजनाको समयावधी

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्याङ्कन

११.परियोजनाको पारदर्शिता

१२.परियोजनाको दिगोपना

१३.परियोजना हस्तान्तरण

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

# भाग २: आर्थिक प्रस्तावना

आ.व. २०७६।०७७

कार्यक्रमको नाम : साना किसान उद्यमी सुदृढिकरण कार्यक्रम

प्रस्तावकको नाम : ..................................................

| सि.न. | विवरण | आ.व. २०७६।०७७ | | |
|---|---|---|---|---|
| | | कोहलपुर नगरपालिकाको लागत | सम्बन्धित संस्थाको लागत (न्युनतम २५ प्रतिशत) | कुल जम्मा |
| १ | पशु खरिद तथा ढुवानी (Livestock and Freight ) | नगरपालिका | ० | |
| २ | वागवानी तथा ढुवानी (Horticulture and Freight ) | नगरपालिका | ० | |
| ३ | कृषि सामग्री उपकरण खरिद तथा ढुवानी (Agriculture Equipment and supply) | नगरपालिका | सम्बन्धित संस्था | |
| ४ | यातयात,आवास तथा ढुवानी (Travel and vehicle operation) | ० | सम्बन्धित संस्था | |
| ५ | तालिम तथा अन्तरकृया गोष्ठी (Training) | नगरपालिका | सम्बन्धित संस्था | |
| ६ | प्राविधिक सेवा तथा मुल्यांकन अनुगमन खर्च (Technical Service and Evaluation) | नगरपालिका | सम्बन्धित संस्था | |
| ७ | कर्मचारी तलब भत्ता खर्च (Personnel and benefit ) | ० | सम्बन्धित संस्था | |
| ८ | कार्यालय संचालन खर्च (Office expenses & services ) | ० | सम्बन्धित संस्था | |
| ९ | अन्य (Others) | ० | सम्बन्धित संस्था | |
| सि.न. | जम्मा | | | |
| | लागत प्रतिशत | | | |

हस्ताक्षर :

नाम :

पद :

छाप :

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

## भाग ३: प्रस्तावपत्रको अनुसूची

१. संस्थागत विवरण
२. संस्थाको पृष्ठभूमि
३. संस्थाको बिषयगत क्षेत्रमा अनुभव
४. विगत ३ वर्षमा संस्थाले सहकार्य गरेका दात्री निकायहरु
५. संस्था दर्ता, नवीकरण प्रमाण–पत्रको प्रतिलिपी
६. आ.व. २०७५/७६ को लेखापरीक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखापरीक्षण प्रतिवेदन स्थायी लेखा नम्बर र आ.व .२०७५/७६ को कर चुक्ता प्रमाण वा विवरण पेश गरेको प्रमाण पत्र

४. **प्रस्ताव मूल्यांकन गर्ने तरिका** : प्राप्त भएका प्रस्ताहरुको मूल्याङ्कन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिनेछ ।

**५.प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. आधिकारिक निकायमा संस्थादर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।
२. आ.व. ०७५/०७६ को लेखा परिक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
३. स्थायी लेखा नम्वर र आ.व. ०७५/०७६ को करचुक्ता प्रमाण पत्रप्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिनु नपर्ने भए आन्तरिक राजस्व कार्यालयमा सम्वन्धित कागजात पेश गरेको पत्रको एक प्रति ।
४. परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना कोहलपुर नगरपालिकाको **साना किसान उद्यमी सुदृढिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७६ को अनुसुची १** बमोजिमको ढाँचामा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति । परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा रु.३,०००।- तिरी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
५. संयुक्त उपक्रममा (Joint Venture, JV) प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति
७. काम गरेको अनुभव पत्र
८. संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष वा संचालक स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको
९. यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन तथा आर्थिक प्रशासन नियमावली बमोजिम हुनेछ

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत